बैठक संख्या : २७ स्थान : राप्ती न.पा.-७ विरेन्द्रनगर

मिती : २०७५।०२।१६ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

**आमन्त्रित** : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

१. ३०%-७०% लागत सहभागिताका कार्यक्रम संचालनको लागि पर्न आएको निवेदन सम्बन्धमा ।
२. भण्डारा मा.वि.ले भाडामा दिएको जग्गामा भवन निर्माण गर्ने सम्बन्धमा ।
३. भवगती सहकारी संस्था लि.को जग्गा लिलाम सम्बन्धमा ।
४. नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यालयमा गत वर्षको विभिन्न शिर्षकमा मौज्दात रहेको रकमबाट उपभोक्ताको ३०% लागत र नगरपालिकाको ७०% लागत रहेने गरि मिति २०७५।०३।२० गते भित्र सम्पन्न गर्न सकिने १० लाख देखि ३० लाख सम्मका सडक कालोपत्र, ढलान, मोजाइक टायल राख्ने, पुल र पुल ढलान सम्बन्धी कार्य गर्न इच्छुक उपभोक्ता समिति/समुह सूचना प्रकाशन गरि योजना माग गरिएकोमा देहाय बमोजिमका योजना माग भई आएकोले निम्न योजनाहरु स्वीकृत गरि संचालन गर्ने निर्णय गरियो ।

| क्र.नं. | योजनाको नाम | वडा नं. | योजनाको लागत विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | जन सहभागिता | नगरपालिका | कुल जम्मा | |
| १ | नाला सहित बाटो निर्माण | १ | ८४३०००.०० | १९६७०००.०० | २८१००००.०० | महादेव स्कुल देखि पुल चोक हुदै सहकारी चोक सम्म |
| २ | पक्की नाला सहित बाटो ढलान | १ | ३६००००.०० | ८४००००.०० | १२०००००.०० | राप्ती-१ लोथर गैरी |
| ३ | देवास किरात राई संग्राहालय | २ | २३००००.०० | ५३६६६६.६६ | ७६६६६६.६६ | राप्ती-२ पर्सौनी डाडा |
| ४ | मोजाइक टायल राखी पक्की बाटो निर्माण | ७ | ४०००००.०० | ९३३३३३.३३ | १३३३३३३.३३ | जन आदर्श बहुमूखी क्याम्प मुल गेटबाट प्रशासनिक भवन सम्म |
| ५ | मोजाइक टायल राखी पक्की बाटो निर्माण | ७ | ६५००००.०० | १५१६६६६.६६ | २१६६६६६.६६ | जन आदर्श मार्ग |
| ६ | पक्की नाला सहित मोजाइक टायल राखी पक्की बाटो निर्माण | ८ | ८०००००.०० | १८६६६६६.६६ | २६६६६६६.६६ | थपलिया खाध्य भण्डार |
| | कुल रकम जम्मा | | ३२८२९९९.९९ | ७६६०३३३.३२ | १०९४३३३३.३१ | |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भण्डारा मा.वि. राप्ती-६ को मिति २०७५।०२।०१ को पत्रबाट त्यस विद्यालयको नाममा रहेको साविक भण्डारा ७ क हाल राप्ती

नगरपालिका ६ को कित्ता नं. १८८ ज.वि. ३-८-१२ क्षेत्रफल मध्ये उत्तर इन्द्रमणि सेढाईको जग्गा, दक्षिण विद्यालयको जग्गा, पूर्व चेपाङ मार्ग र पश्चिम विद्यालयको जग्गा रहेको यति ४ किल्ला भित्र रहेको २५ मी पूर्व मोहडा रहने गरी उत्तर पट्टीबाट ०-३-१० क्षेत्रफल बराबरको जग्गा राप्ती-६ नं. वडा कार्यालय भवन निर्माण गर्नको लागि प्रतिवर्ष प्रति कठ्ठा रु २५०० का दरले १५ वर्षको लागि भाडामा दिन विद्यालय व्यवस्गथापन समितिबाट समेत निर्णय भइ आएको सन्दर्भमा विद्यालयको प्रस्ताव बमोजिम १५ वर्षको लागि उक्त बमोजिम भाडामा लिने व्यहोरा विद्यालयलाई जानकारी दिई वडा कार्यालयले जग्गा छुट्याउने र भवन निर्माण गर्ने लगायतका कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भगवती सहकारी संस्था लिमिटेड भण्डारा चितवनको मिति २०७५।०२।१५ को पत्रबाट कृषि विकास बैंक शाखा कार्यालय पर्सा खैरहनीमा तिर्न बाँकी सावा रकम रु ७८५४००। र २०७५।०१।३१ सम्मको व्याज २०७५१३७ गरी जम्मा रु २८६०५४८। बुझाउन बाँकी रहेको र सो संस्था हाल संचालनमा नभएको कारण नगरपालिकाले सबै सहकारीहरुको रेखदेख र संचालन नगरपालिकामा आएकोले यस सहकारी संस्थाको समस्या सामाधान गर्न लेखि आएकोले लिलाम हुन लागेको सम्पत्ति नगरपालिकाको नाममा ल्याउने गरी नियमानुसारको ऋण नगरपालिकाले तिर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगर शिक्षा समितिबाट मिति २०७५।०१।२८ मा गरिएको शिक्षक व्यवस्थापन समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।